## चुमनुव्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम

## २०७८ साल असार १० गते

चुमनुव्री गाउँपालिकाका उपाध्यक्ष ज्यू,

गाउँ सभाका सदस्य ज्यूहरु,
उपस्थित वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिकाका सदस्य ज्यूहरु, राजनीतिक पार्टीका प्रतिनिधि ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, सरकारी तथा गैरसरकारी कार्यालयको प्रतिनिधिहरु, नागरीक समाज, पत्रकार एवं उपस्थित सम्पुर्ण महानुभावहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्दै "**दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री"** को दिर्घकालीन सोच सहित गाउँपालिकाको समृद्धि र विकास तर्फ अगाडी बढीरहेकै अवस्थामा कोभिड १९ र गाउँपालिकाका विभिन्न स्थानमा गएको बाढी पहिरोको कठिन परिस्थिति र बन्दाबन्दी बीच आज नेपालको संविधान बमोजिम गठित स्थानीय सरकार प्रमुखको रुपमा चुमनुव्री गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दैछु ।

२. यस कठिन तथा चुनौतीपुर्ण घडीमा गाउँसभालाई सम्बोधन गरिरहदा राष्ट्रलाई निरङकुश सामन्ती शासन प्रणालीको अध्याँरोबाट जनताका जनप्रतिनिधि मार्फत राज्य संचालन गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्‍याउने क्रममा आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र, समाजवाद र जनजिवीकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पुर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

३. कोभिड १९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । नेपालमा संक्रमण फैलिन नदिन गरीएको बन्दाबन्दीको हाम्रो गाउँपालिकाले पुर्ण रुपमा पालना गरी आजका मिति सम्म कोभिड १९ बाट ८ जनामा संक्रमण गाउँपालिकाभित्र देखा परेका भएतापनि हाल संक्रमितको संख्या शुन्य छ । यो हाम्रो लागि खुसिको कुरा हो । यस महामारीका कारण स्वदेश तथा विदेशमा ज्यान गुमाउने हुने नेपाली लगायत विश्वभरका नागरीकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदन व्यक्त गर्दछु । साथै नेपाल लगायत विश्वका अन्य देशहरुमा उपचाररत नेपाली दाजुभाई तथा दिदीबहिनीहरु र विश्वको सबै उपचाररत नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४.संकटको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपंक्तीमा अहोरात्र खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्बद्ध सबैको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिमपुर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनुहुने जनप्रतिनिधि, राजनीतिक दल, संचारकर्मी, नीजि क्षेत्र, व्यवसायी, नागरिक समाज लगायत सबै व्यक्ति तथा संघ संस्थाहरुलाई धन्यवाद व्यक्त गर्दछु । आफु बाँचौ र अरुलाई पनि बचाउ भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस महामारीको धैर्यतापुर्वक सामाना गर्न र यसको रोकथाम तथा नियन्त्रणमा कटिवद्ध हुन म सबैलाई आह्वान गर्दछु ।

५.सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको समष्टिगत विकास गर्ने स्पष्ट दृष्टिकोण र "**दिगो विकास अनुपम संस्कृति उन्नत पर्यटन समृद्ध चुमनुव्री**" को दिर्घकालीन सोच सहित प्रथम पञ्चवर्षीय आवधिक गाउँ विकास योजना तयार गरी आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्ने दिशामा अगाडी बढीरहेको अवस्थामा कोभिड १९ महामारीको र पछिल्लो समय आएको बाढि पहिरोको कारण गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधि प्रभावित भएका छन । यस विषम परिस्थितिमा चुमनुव्री गाउँपालिकाले कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कार्यमा हासिल गरेका केही महत्वपुर्ण उपलब्धिहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

६.हालसम्म ८ जनाको Antigen Test गरीएको छ भने परिक्षण गरीएको ८ जनाको रिर्पोट पोजिटिभ आएकोमा फिलिम स्थित बुद्ध माविमा आइशोलेशन सेन्टरको स्थापना गरी संक्रमितहरुको उपचार पश्चात कोभिड १९ संक्रमितहरुको संख्या शुन्य रहेको छ ।

७.स्थानीय सरकारले जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ । भौतिक संरचना पर्याप्त नहुनु, कर्मचारी र अन्य स्रोतसाधनको सिमित हुनु तथा संघ,प्रदेश र स्थानीय तहवीच आयोजनाको वर्गीकरण समयमा नहुनु जस्ता अनेकौं प्रतिकूलताका बाबजुद स्थानीय सरकारले हाँसिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

८.गत जेष्ठ २९ गतेदेखि निरन्तर रुपमा आइरहेको अविरल वर्षाका कारण घरबार विहिन तथा विस्तापित भएका चुमनुव्री गाउँपालिका ३ सल्लेरीका स्थानीयहरुलाई तत्काल राहातको व्यवस्था गरी गाउँपालिकाको पहलमा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख लगायतका टोलिद्वारा स्थलगत अनुगमन गरी तत्काल आवश्यक खाद्य सामाग्री तथा अस्थाई बसोवासको व्यवस्था गरिएको छ । गोरखा जिल्ला क्षेत्र नं. १ का संघीय सांसद, भू गर्भविद्, इन्जिनीयर लगायतको टिमले यस गाउँपालिकाको जोखिमयुक्त वस्तीहरुको स्थलगत अवलोकन गरेको छ । सबै क्षेत्रको स्थलगत अध्ययन पश्चात संघ तथा प्रदेश र सम्बन्धित निकायहरुमा यस क्षेत्रको दिर्घकालीन नदि नियन्त्रण तथा विस्थापितहरुको स्थायी बसोवासका लागि पहल गर्ने प्रक्रिया अगाडी बढाइएको छ ।

९.नेपालको सन्दर्भमा स्थानीय सरकार नवीनतम् प्रयोग भएकाले स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि स्थानीय सरकार सञ्चालनका क्रममा स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा ४३ वटा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरी कार्यान्वयनमा आएका छन् । यसबाट स्थानीय सरकारलाई संविधान एवं कानुन वमोजिम प्रदत्त विधायिकी अधिकारको प्रयोग गर्दै सरकार विधि कानुन मार्फत संचालन हुनुपर्छ भन्ने मान्यता स्थापित भएको छ ।

१०. ढुंगा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन, स्थानीय कर संकलन गरीनुका साथै व्यवसाय दर्ता, होमस्टे दर्ता, घ वर्गको लाइसेन्स इजाजत पत्र, सरकारी तथा गैरसरकारी संस्था सूचिकृत, कृषि समूह दर्ता लगायत नयाँ आन्तरिक स्रोतको दायरा फराकिलो बनाईएको छ ।

११.यस संकटको घडीमा समेत गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रकृयामार्फत चालु आर्थिक वर्ष ०७७।७८ मा स्थानीयस्तरको विकासका लागि ७४ वटा वार्षिक योजना बनाई कार्यान्वयन गर्दै गर्दा जेष्ठ मसान्त सम्म उपभोक्ता समिति मार्फत कार्यान्वयनमा भएका पूँजिगत प्रकृतिका योजनाहरुको प्रगति करिव ७० प्रतिशत पुगेको अनुमान गरिएको छ । त्यस्तै संस्थागत सुशासन र सेवा प्रवाह सँग जोडिएका योजना तथा कार्यक्रम करिव सम्पन्न भै सकेको अवस्था छ । यसवाट जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाइ,अनुगमन एवं जनताको सुख दुखमा साथ दिने गरी हाम्रो सरकार सशक्त हुँदै गइहेको छ ।

१२.कर्मचारी समायोजन एवं व्यवस्थापन पश्चात भएको कर्मचारीको पूर्तिसंगै कर्मचारीहरुको उच्च कार्यसम्पादन एवं लगनशिलताका कारण सेवा प्रवाहमा चुस्तता आएको छ । अझै विश्वव्यापी महामारी कोभिड १९ ले सिर्जना गरेको विषम परिस्थितिले मुलुक बन्दाबन्दीको अवस्थामा रहँदा पनि राष्ट्रसेवक कर्मचारीहरु नियमित रुपमा कार्यालयमा उपस्थित भइ उच्च मनोबलका साथ सेवा प्रवाह गरी स्थानीय सरकारका प्रतिफलहरुलाई नागरिक समक्ष पुर्याउन भएको सकारात्मक भूमिकाको सदा सर्वदा स्मरण गरिनेछ। नवप्रवर्तन र सृजनशील कार्य गर्ने सबै तहका राष्ट्रसेवकहरुलाई उत्प्रेरित गर्न बजेटमा आवश्यक व्यवस्था गरिनेछ।

१३.वडा स्तरमा वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत हाम्रो गाउँपालिकाको सेवा प्रवाह प्रतिको आम नागरिकको धारणा बुझ्ने कार्य समेत गरिरहेका छौं ।

१४. अनुदानमा आधारित विविध कृषिजन्य बोट, विरुवा, विउ तथा सामाग्री वितरण गरी कृषिमा आधुनिकीकरण गर्न खोजिएको छ। गाउँपालिकाभित्र विभिन्न स्थानहरुमा पशु स्वास्थ्य शिविर संचालन गरी पशुहरुमा लाग्ने विभिन्न महामारी तथा रोगहरुका बारेमा सचेतना अभिवृद्धि गरिएको छ भने पशु स्वास्थ्य शिविरमा पशुहरुको परिक्षण गर्नुका साथै निःशुल्क औषधी समेत वितरण गरीएको छ।

१५. गाउँपालिकाद्धारा हालसम्म बनाइएका ऐन, कानूनहरुको संग्रह प्रकाशन गरिएको तथा स्थानिय राजपत्र र वार्षिक योजना पुस्तिका प्रकाशन गरी कार्यान्वयनमा ल्याइएको छ।

१६. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाको वडा नं ३ र ६ मा सामाजिक परिचालन,उद्यमशिलता विकास, सिप विकास तालिम मार्फत साना घरेलु उद्यमशिलता विकास कार्यक्रमलाई अगाडी बढाइएको छ ।

१७. नेपाल सरकारको नीति अनुरुप चुमनुव्री गाउँपालिका मुकाम फिलिममा ५ शैयाको अस्पताल निर्माण गर्ने कार्यको प्रक्रिया अगाडी वढाइएको छ ।

१८. गाउँपालिकाभित्र संचालित आधारभूत विद्यालयहरुको भवन निर्माणमा लागत साझेदारी गरिएको छ । फोहोरमैलाको उचित व्यवस्थापनको लागि नकुहिने वस्तु र सिसाका लागि छुट्टाछुट्टै डम्पिङ साइड गाउँपालिकाको मुकाम फिलिममा निर्माणाधिन अवस्थामा रहेका छन् ।

१९. कोभिड १९ को रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि नेपाल सरकारको नीति अनुरुप एक जना स्टाफ नर्स र दुई जना कार्यालय सहयोगिलाई सेवा करार नियुक्ति गरिएको छ भने एक जना एम बि बि एस डाक्टरको लागि दुई पटक दरखास्त आह्यवन गर्दा समेत पदपूर्ति हुन नसकेको दुखद अवस्था छ ।

२०. भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोवासीको तथ्यांक गाउँपालिकाको तत् वडामा गई वडास्तरीय लगत संकलन गरिएको छ भने आवश्यक अन्य प्रक्रिया कार्यान्वयनको चरणमा रहेको छ ।

२१.जिल्ला प्रशासन कार्यालय गोरखा र चुमनुव्री गाउँपालिकाबीच सेवा प्रवाहका सम्बन्धमा अन्तरक्रिया छलफल कार्य चुमनुव्री गाउँपालिका कार्यालय फिलिममा आयोजना गरी प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखको अथित्यथामा कार्यक्रम सम्पन्न गरी सार्वजनिक सेवा प्रवाहमा थप चुस्तता र पार्दशिता कायम गर्ने दिशातर्फ उन्मुख भएको छ ।

२२.नेपाल सरकारले लिइएको नीति अनुरुप देशको ७५३ वटै स्थानीय तहहरुले खर्च लेखाङ्कनका तथा लेखा प्रणालीको बैज्ञानिक व्यवस्थापनको लागि सुत्र प्रणालीलाई अनिवार्य गराएबमोजिम भौगोलिक रुपमा विकट रहेको हाम्रो यस गाउँपालिकामा लेखा प्रणाली सुत्र सफ्टवयरमार्फत राख्ने कार्य सरहनीय छ ।

२३. चुमनुव्री गाउँपालिकाभित्र बहुवर्षिय आयोजनाका रुपमा रहेका झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संचालित तीन वटा नयाँ झोलुङ्गे पुल (गम बुडीगण्डकी, कोया खोला, श्रृगी खोला) र दुई वटा झो पु मर्मत (लाचेत र नमसाङ) काम सम्पन्न भई स्थानीय जनताले यसको लाभ लिइरहेको अवस्था छ ।

२४. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ कामका लागि पारिश्रमिक अन्तर्गत चुमनुव्री गाउँपालिकामा सूचिकृत भएका बेरोजगारहरुलाई रोजगारीको माध्यमद्वारा बेरोजगारी न्यूनिकरण तथा रोजगारी सृजना गरी जीविकोपार्जन गर्ने कार्य अगाडी बढाईएको छ । यस कार्यक्रम गाउँपालिकाको २, ३ र ४ नम्बर वडाहरुमा संचालनमा रहेका छन् ।

२५. सार्वजनिक खरिद ऐन,२०६४ र नियामावली २०६५ को भावनाअनुरुप सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शि,मितव्ययी कायम गर्न चालु आर्थिक वर्षदेखि ठेक्का प्रणालीमार्फत योजना कार्यान्वयन गर्ने प्रक्रियालाई नमुनाको रुपमा अगाडी बढाईएको छ ।

२६. गाउँपालिकाको समन्वयमा विभिन्न पर्यटकीय पदमार्गहरु (जगत भालुवन रोल्पा डाँडा पर्यटकीय पदमार्ग, पाङसिङ विचौरी, आँगा सर्स्यु, छाँकक्वाँक) निर्माणाधिन अवस्थामा रहेका छन् ।

२७. गाउँपालिकामा छरिएर रहेको वस्तीका कारण कुटानी पिसानी कार्य गर्न एक ठाउँबाट अर्को ठाउँमा जान एक दिनसम्म लाग्ने जनताको गुनासो सम्बोधन गर्न तथा समयको बचत गरी स्थानीयस्तरमै कुटानी पिसानी गर्नाका लागि न्याक, लोक्पा र फिलिममा जेनेरटर सहितको मिल र मिलघर निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

२८. पशुपन्छीको संरक्षण संवर्द्धन र व्यवसायिकता कायम गर्न चौरी संरक्षण कार्यक्रम, बाख्रा पकेट क्षेत्र कार्यक्रममा अनुदान दिइएको छ । स्थानीयस्तरमानै दक्ष जनशक्ती प्राप्तिका लागि क्षमता विकास तालिम अन्तर्गत सिकर्मी डकर्मी तालिम नमुनाको रुपमा यस वर्षदेखि कार्यान्वयन गरिएको छ ।

२९.यस वर्षका हाम्रा उपलब्धिहरु सन्तोषजनक छन् । हाम्रो स्थानीय सरकारले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय नेतृत्वको विकास र स्थानीय शासन पद्धति सुदृढ हुने प्रशस्त आधारहरु तयार भएका छन् ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

३०. अब म गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ का लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्फ यहाँहरुको ध्यानाकर्षण गराउन चाहान्छु ।

३१. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, चुमनुव्री गाउँपालिको आवधिक गाउँ विकास योजना, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका मार्गनिर्देशनहरु र परिपत्रहरु तथा कोभिड १९ को नियन्त्रणका लागि संघ तथा प्रदेशले जारी गरेका नीति निर्देशिकाहरुलाई आधार मानी प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, कृषि क्षेत्रको आधुनिकीकरण, पुर्वाधार निर्माण, उद्यमशिलता र रोजगारी बृद्धि, दिगो विकास, प्रभावकारी सेवा प्रवाह, लक्षित वर्गको क्षमता विकास तथा सशक्तिकरण, कोरोना महामारीको रोकथाम तथा नियन्त्रण र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकता राख्दै "**दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री**" को दिर्घकालीन सोच पुरा गर्नेतर्फ केन्द्रित छ।

३२. चुमनुव्री गाउँपालिकाको समृद्धि र विकासका लागि आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रहरु यहाँहरु माझ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## क्षेत्रगत नीति तथा आधार

### आर्थिक विकास क्षेत्र

### कृषि

३३. प्ररम्परागत रुपमा हुदै आएको कृषि कार्यलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्न स्याउ, दाँते ओखर, लसुन, आलु लगायतका विरुवा तथा विउ विजन अनुदानको रुपमा उपलब्ध गराइनेछ । तरकारी तथा फलफुललाई प्लास्टिक टनेलमार्फत खेति गर्ने प्रणालीलाई नमुनाको रुपमा अगाडी बढाइनेछ ।

३४. गाउँपालिकाभित्र रहेका चौरी संरक्षण गरी व्यवसायिक पशुपालनतर्फ आकर्षित गर्न दुध मिसन कार्यक्रम अन्तर्गत चौरी तथा भेडा संरक्षण कार्यलाई प्रोत्साहित गर्न अनुदान उपलब्ध गराइनेछ ।

३५. कुखुरा, बंगुर लगायतका पशुपन्छीहरुको संरक्षण र व्यवसायिकतामार्फत स्थानीय जनताको जीवनस्तरमा सुधार गर्न र प्रोत्साहन गर्नका लागि कृषि फर्म अनुदान उपलब्ध गराइनेछ । उत्कृष्ट हुने कृषकलाई प्रोत्साहनस्वरुप उचित पुरस्कारको व्यवस्थासमेत गरिनेछ ।

## पर्यटन तथा संस्कृति

३६.चुमनुव्री गाउँपालिकामा विश्वको आठौं अग्लो मनास्लु हिमाल, नेपालकै प्रसिद्ध लार्केपास पदमार्ग लगायत विभिन्न हिमाल, चुमनुव्री उपत्यका, ताल तथा मौलिक संस्कृतिको खुल्ला संग्रहालय भएको हुँदा यस गाउँपालिकालाई पर्यटकीय नगरीका रुपमा विकास गर्न र **दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री** को दिर्घकालिन सोचलाई साकार पार्नका लागि संघ, प्रदेश सरकार र विकास साझेदारहरुसँग आवश्यक समन्वय गरी पर्यटन गुरु योजना निर्माणको कार्यलाई अगाडी बढाईनेछ ।

३७. दुधपोखरी, रुपीनाला, कालताल, हिमचुली, पुङगिन गुम्बा, सेराङ गुम्बा, मु गुम्बा लगायतका पर्यटकीय स्थलहरुमा पदमार्गको स्थापना गरी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३८. विश्वव्यापी मौलिक पहिचान बोकेको चुम अंहिसा क्षेत्रको सतबार्षीकी मनाउने कार्य यसै वर्ष तय भएता पनि विश्व व्यापीरुपमा फैलिएको कोरोना महामारीका कारण सम्पन्न हुन नसकेकोमा आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ, यसका लागि आवश्यक तयारीका साथै प्रचार प्रसार गर्ने कार्यको व्यवस्था मिलाईने छ । **भेज चुम भ्याली हिंसा रहित चुम भ्याली** को व्यापक प्रचार प्रसार गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ ।

३९.गाउँपालिकाभित्र हुने सबै प्रकारका कुरीति (घरेलु हिंसा,बालविवाह,बहुविवाह,मदिरा सेवन विरुद्ध) का सम्बन्धमा वडास्तरीय सचेतनामुलक कार्यक्रम संचालन गरी कुरीति तथा कुप्रथाको न्यूनीकरण गरिनेछ ।

## उद्योग व्यापार र व्यवसाय

४०. उद्योग व्यवसायको विकास गाउँपालिको समृद्धिको प्रमुख आधार हो । आर्थिक क्रियाकलाप, रोजगारी र मुल्य अभिवृद्धिमा उद्योग व्यापार र व्यवसायको प्रमुख भुमिका हुने भएकोले गाउँपालिका भित्र रहेका वेरोजगार युवायुवती र विदेशबाट फर्किएका युवा युवा युवतीहरुलाई स्थानीय लघु उद्योग व्यवसायलाई आधुनिक तवरले संचालन सम्बन्धी तालिम तथा अभिमुखीकरण संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४१.स्थानीय पसलहरुमा मुल्य सूचि राख्ने, कालो बजारी रोक्ने, अति आवश्यकीय वस्तुहरुको अभाव हुन नदिन बजारको नियमित अनुगमन र नियमन गर्ने जस्ता कार्यहरु गरिनेछ ।

४२. महिला उद्यमीबाट संचालन हुने उद्योग व्यवसायलाई विशेष प्रोत्साहन गरिनेछ । स्थानीय उद्योग व्यापार संघको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।

## सहकारी तथा वित्तिय सेवा

४३. सहकारी संस्थाहरुको संस्थागत विकासका लागि व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । जडीबुटी, कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणमा सहकारी क्षेत्रको उपयोग गरिनेछ।

४४. गाउँपालिकाभित्र वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीबाट वितरण गर्नका लागि गाउँपालिकाभित्र उपलब्ध बैंक तथा वित्तिय संस्थासँग आवश्यक पहल गरिनेछ ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

४५. कोभिड १९ महामारीबाट सिर्जित परिस्थितिका कारण बन्द रहेका विद्यालयहरुलाई निश्चित मापदण्ड बनाई पठन पाठन सुचारु गरिनेछ। विद्यालयको पठन पाठन सुचारु गर्नुपुर्व सबै विद्यालयहरुमा साबुन पानीले हात धुने, मास्क तथा सेनिटाईजरको उचित व्यवस्था गरी सामाजिक दुरी कायम गर्दै दुई सिफ्टमा कक्षा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

४६.सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्न गाउँपालिका भित्रका सबै विद्यालयहरुमा सुरक्षित घेराबार, खेल मैदान, शुद्ध पिउने पानी, छात्रछात्रा शौचालय र स्वच्छ हरित विद्यालय निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउन शैक्षिक सुधार कार्यक्रम संचालन गरिनेछ।

४७.चुमनुव्री गाउँपालिको भौगोलिक विकटतालाई मध्यनजर गर्दै जनसंख्या तथा आवश्यकताका आधारमा विद्यालयबाट टाढा रहेका वस्तीका बालबालिकाहरुलाई शिक्षाको सुलभ पहुँच पुऱ्याउनका लागि प्रारम्भिक बाल विकास कक्षा संचालनका लागि अनुमति दिई बालविकास सहजकर्ताको व्यवस्था गरिनेछ । नेपाल सरकारको नीतिअनुरुप बालविकास सहजकर्तालाई तोकिएको तलवमानमा संघीय सरकारले व्यहोर्ने रकमबाहेक थप आवश्यक पर्ने रकम गाउँपालिकाको तर्फबाट विनियोजन गरिनेछ ।

४८. गाउँपालिकाको आयोजनामा सबै सामुदायिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र विद्यालयका प्रधानाध्यापकहरुको संयूक्त रुपमा शैक्षिक कार्यशाला/अन्तरक्रिया कार्यकमको आयोजना गरी चुमनुव्री गाउँशिक्षा नीतिको तर्जुमा गरिनेछ ।

४९. चुमनुव्री गाउँपाकिला वडा नं. ३ मा रहेको बुद्ध माध्यामिक विद्यालयको भौतिक पुर्वाधार निर्माणमा गरी दश जोड दुई अर्थात कक्षा १२ सम्म पठन पाठन सुचारु गर्नको लागि अनुमति लिने प्रक्रिया आगामी आर्थिक वर्षमा अगाडी बढाईनेछ ।

५०. **गाउँपालिकाभित्रका बालबालिकाहरुलाई औपचारिक शिक्षा अगाडी मन्टेश्वरी कक्षा संचालन गरी खेल्दै सिक्दै गर्ने गरी औपचारिक शिक्षामा भर्नादर अभिवृद्धि गर्न बाल विकास शिक्षकहरुलाई मन्टेश्वरी तालिम संचालन गरिनेछ ।**

५१. सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान, व्यवस्थापन, पुनवितरण एवं दरबन्दी सिर्जना विद्यालयको आवश्यकताको आधारमा गरिनेछ । एक विद्यालय एक पुस्तकालय, नियमित विद्यालय अनुगमन, शैक्षिक सामाग्री तथा पाठ्य सामाग्री वितरण तथा शिक्षकहरुलाई कम्प्युटर तालिम जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

### स्वास्थ्य तथा पोषण

५२.कोरोना भाईरस संक्रमण जस्तै विभिन्न समयमा फैलिन सक्ने महामारी जन्य रोग तथा समस्याको समाधानको लागि आश्यक पर्ने औषधी, किट, औजार, उपकरण खरिद तथा द्रुत प्रतिकार्य टोलीलाई सक्रिय बनाईनेछ । हाल महामारीका रुपमा फैलिएको कोरोना संक्रमण रोकथाम तथा जोखिम न्यूनीकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

५३. कोरोना महामारीमा प्रत्यक्ष काम गर्ने स्वास्थ्यकर्मीहरुको मनोवल बढाउन कोरोना महामारी नियन्त्रणमा नआएसम्मका लागि जोखिम भत्ताको व्यवस्था गरिनेछ । महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन गर्न प्रोत्साहन रकमको व्यवस्था गर्नुका साथै महिला स्वास्थ्य स्वमसेविका क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

५४.निःशुल्क प्रदान गर्ने भनिएका औषधीहरु गाउँपालिकामा कम्तीमा प्राथमिकीकरण गरीएका १० ओटा रोगको लागि प्रर्याप्त मात्रमा राखी सर्वयाम उपलब्ध गराईनेछ ।

५५. गर्भवति तथा सुत्केरी महिलाका लागि नियमित स्वास्थ्य परिक्षण गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई सरकारी सुविधाका अलवा पौष्टिक आहार सहितको **पोषिलो झोलाको** व्यवस्थालाई निरन्तरता दिइनेछ । प्रसुति गृहमा आएर सुत्केरी भएका महिलाहरुका लागि एक दिन सुत्केरी खानाको व्यवस्था गरिनेछ ।

५६. जेष्ठ नागरीक, असहाय, अपाङ्ग, एकल महिला र विपन्न वर्गको स्वास्थ्य परिक्षणका लागि प्रत्येक वडामा निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ । पाठेघर खस्ने, पाठेघर तथा स्तन क्यान्सर, महिनावारी हुदाँ हुने समस्या लगायतका स्त्रीरोग सम्बन्धि रोग पहिचान र उपचार सम्बन्धि छुटै स्वास्थ्य शिवीर संचालन गरिनेछ ।

५७. तत्काल उपचार नपाए ज्यान जोखिममा पर्ने जटिल प्रकृतिको सुत्केरी र गम्भीर दुर्घटनामा परेकाको उपचारका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी हेली एम्बुलेन्स सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

५८. सरुवा रोग, पानीजन्य रोग, मधुमेह, रक्तचाप, हृदयघात जस्ता रोगबाट बच्ने उपायका बारेमा श्रव्य तथा दृष्य सामाग्रीहरु तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।

५९. स्वास्थ्यकर्मीहरुको सीप र दक्षता अभिबृद्धि गर्नका लागि आवश्यक क्षमता विकास कार्यक्रम तथा तालिमको व्यवस्था गरिनेछ । स्थानीयस्तरमा स्थानीय जडिबुटीको प्रयोगद्वारा परम्परागत रुपमा उपचार गरिने आम्ची पद्धतिलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

### युवा तथा खेलकुद

६०. गाउँपालिकाभित्रका युवा युवतीहरुलाई उद्यमशिलता विकास गरी दैनिक जिवनयापनका लागि सहज बनाउन निश्चित मापदण्ड बनाई कम्प्युटर डिप्लोमा कोर्स अध्ययनका लागि अनुदान उपलब्ध गराईनेछ ।

६१. युवा क्लवहरुलाई गाउँपालिकामा दर्ता तथा नविकरण गर्नका लागि उत्प्रेरणा जगाई क्लवहरुको संस्थागत विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

६२. आर्थिक रुपमा अति विपन्न र अपाङ्गता भएका युवायुवती संघिय, प्रादेशिक सरकार र अन्य विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरी सीपमुलक तालिम दिईनेछ ।

६३.प्रत्येक वडामा खेलकुद मैदानको निर्माण तथा गाउँपलिका स्तरमा कभर्डहलको निर्माण गरी खेलकुद सामाग्री उपलब्ध गराउने कार्यलाई नमुनाको रुपमा अगाडी बढाउने कार्यलाई निरन्तरता दिइनेछ । युवाहरुलाई खेलकुद तर्फ आकर्षित गराउन वडा र गाउँपालिका तहमा तथा अन्तर विद्यालय स्तर वार्षिक रुपमा खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

६४.**स्वास्थ्यका लागि खेलकुद** भन्ने नारालाई आत्मासाथ गर्दै गाउँपालिकाभित्र आगामी आर्थिक वर्षमा **अध्यक्ष कप** खेलकुद कार्यक्रमको आयोजना गरी संचालन गरिनेछ ।

६५.गाउँपालिका स्तरीय उत्कृष्ट खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा संघीय स्तरमा आयोजना हुने खेलकुदमा भाग लिन लगाई उत्कृष्टता हासिल गरी पदक प्राप्त गरेमा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

६६.समावेशी नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यान्वयन गरी समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई अवलम्वन गरिनेछ ।

६७. आपत्कालीन तथा अन्य विपद्जन्य व्यवस्थापन सम्वन्धि योजना/कार्यक्रममा एकल महिला, दलित, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, अति गरिब आदि जस्ता वर्ग तथा समुदायको थप जोखिमको न्युनीकरण र सम्वोधन गरिनेछ ।

६८. नागरिकहरुको गुनासो सुन्न तथा गुनासो समाधान गर्नाका लागि **जनतासँग अध्यक्ष कार्यक्रम** आगामी **आर्थिक वर्षमा संचालन गरिनेछ।**

६९.अपांगता परिचय पत्र, ज्येष्ठ नागरीक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण गरी उनीहरुको मौलिक हक र अधिकारलाई संरक्षण र सम्बर्द्धन गरिनेछ ।

७०. अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामाग्रीको व्यवस्थापनमा विभिन्न सहयोगी व्यक्ति तथा संघसंस्थाहरुसँग सहकार्य तथा सहलगानी गरीने छ ।

७१. प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गर्दा कोभिड १९ बाट रोजगारी गुमेका र ज्याला मजदुरी गरी जीवन निर्वाह गरिरहेका आर्थिक रुपमा अति विपन्न तथा संकटमा परेका घरपरिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७२. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, एकल महिला, आदिवासी जनजाती र आर्थिक रुपमा विपन्न परिवारको पहिचान गरी क्षमता विकास, जनचेतना अभिवृद्धी, अधिकारमा आधारित तालिम लगायतका सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

७३. गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI AUDIT) गरी जेसी अडिटबाट सुधारका लागि तयार भएको कार्ययोजनानुसार कार्य अगाडी बढाईनेछ ।

७४. महिलाहरुको स्वावलम्बन तथा आर्थिक रुपमा सबल गराउन, गाउँपालिका क्षेत्रभित्र महिला सशक्तिकरणका साथै महिलाहरुको समग्र पक्षको विकास गर्न **उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम** आगामी आर्थिक वर्षमा संचालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

७५. गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति र प्रत्येक वडामा वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन गरी खानेपानी तथा सरसफाईका कार्यहरु सोही समिति मार्फत अगाडी बढाईनेछ ।

७६. चुमनुव्री गाउँपालिकाको खानेपानी तथा सरसफाई गुरुयोजना अनुसार खानेपानी नपुगेका वस्तीहरुमा नयाँ खानेपानी निर्माण गर्ने, मर्मत गर्नुपर्ने योजनाहरु मर्मत गर्ने कार्यका लागि संघ र प्रदेश सरकार तथा पुर्णिमा लगायतका विकास साझेदारहरुसँग सहकार्य गरी एक घर एक धाराको अवधारणा अनुरुप निर्माण गरिनेछ ।

७८.विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, प्रसुति गृह, सरकारी कार्यालय आदीमा व्यवस्थित पानीसहितको महिला, अपाङ्ग र बालमैत्री शौचालय निर्माण गरी नियमित सरसफाईको व्यवस्था गरिनेछ ।

७९.घर टोल सफा राख्न र उत्सर्जित फोहोरको व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै आवश्यकताअनुसार सार्वजनिक शौचालयको निर्माण गरी समुदायलाई व्यवस्थापनको जिम्मा दिईनेछ ।

**पुर्वाधार विकास**

८०. **कुनै पनि क्षेत्रको समष्टिगत विकासको आधार संस्थागत विकास पहिलो प्राथमिकतामा हुने भएकाले चुमनुव्री गाउँपालिकामा सम्पूर्ण वडा कार्यालयहरु लगभग सम्पन्न भईसकेको अवस्थामा गाउँपालिकाकै प्रशासकीय भवन नरहेकाले आगामी आर्थिक वर्षमा गाउँपालिकाको बहुउपयोगी प्रशासकीय भवन निर्माण गरिनेछ । यसका लागि गाउँपालिकाको बजेट र संघ तथा प्रदेश सकारसँग आवश्यक समन्वय गरी थप बजेटको व्यवस्था गरिनेछ ।**

८१. चुमनुव्री गाउँपालिकाको प्रथम पञ्च वर्षिय आवधिक योजनाले औल्याएका क्षेत्रगत आयोजनाहरुको योजना बैंक बनाई सबै आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी गौरवका आयोजनाहरुलाई वहुवर्षिय आयोजनाको रुपमा लगानी गरिनेछ। उक्त आयोजना निर्माणका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

८२. गाउँपालिकामा मर्मतसम्भार कोषको स्थापना गरी थोरै रकममा मर्मत गरी पुन संचालनमा आउने पुर्वाधारहरुको अबिलम्ब मर्मतसम्भारको कार्य अगाडी बढाईनेछ ।

८३. निर्माणाधिन वेनीघाट लार्के लोकमार्गसँग गाउँपालिका केन्द्र र सबै वडाहरुलाई जोडने गरी यातायात गुरुयोजना निर्माण गरिनेछ ।

८४. वडा, वस्ती, मेलापात, धार्मिक तथा पर्यटकीय स्थल जोड्ने गोरेटो तथा घोडेटो बाटोको मर्मत तथा स्तरोन्नति गर्ने कार्य गरिनेछ भने सडक प्रभावित क्षेत्रमा वैकल्पिक पदमार्गको विकास र निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ । **गाउँपालिकाको मुकाम फिलिममा व्यवस्थित हेलिप्याड निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।**

८५. बहुउद्देशीय सामुदायिक भवनहरु निर्माण गरी निर्माण भएका भवनहरुबाट वस्तीहरुमा एकिकृत सेवा प्रवाह गरिनेछ। यस्ता संरचनाहरु निर्माण गर्दा महिला, जेष्ठ नागरीक, बालबालिका र अपाङ्गमैत्री बनाईनेछ ।

८६. कादुरी एग्रिकल्चरल एड एशोसियन सँग सहकार्य गरी विद्युत नपुगेका ठाउँमा लघु जलविद्युत आयोजनाहरु निर्माण गरिनेछ भने लघु जलविद्युत पुग्न नसकेको ठाउँमा बैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

८७. ल्याण्डलाईन सेवा विस्तार, मोबाईल नेटवर्क र इन्टरनेटको क्षमता अभिवृद्धिका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। सुचना तथा संचार प्रविधिहरुको प्रयोगमा बढावा दिई प्रविधि मैत्री गाउँपालिकाको रुपमा विकसित गर्दै लगिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

८८. चुमनुव्री गाउँपालिकाभित्र अविरल वर्षाका कारण विस्थापित भएका परिवार विशेष गरी सल्लेरीका स्थानीय वासिहरुको आर्थिक तथा भौतिक रुपमा पुन स्थापना गरी दैनिक जिविकोपार्जनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

८९. भौगोलिक रुपमा विकट रहेको यस गाउँपालिकाका सम्पूर्ण वस्तीहरु बुढिगण्डकी नदि छेउछाउमा बसोवास रहेको अवस्थामा वर्षातको समयमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपका कारणबाट थप धनजनको क्षति हुन नदिन तथा भूसंरक्षण र पर्यावरणको संरक्षण संवर्द्धन गर्न भौगर्भिक अध्ययन गरी सोका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

९०. वनजंगल, जलाधार एवं जैविक विविधताको विकास र संरक्षणका लागि वन क्षेत्रमा वृक्षारोपण गर्ने, पहिरो नियन्त्रणका लागि ग्यावीन जाली लगाउने र खोला तथा नदी किनारामा तटबन्ध लगाउने कार्य मनास्लु संरक्षण क्षेत्र आयोजनाको सहकार्यमा गरिनेछ ।

९१. चोरी शिकारी नियन्त्रण, जीवजन्तुहरुको संरक्षण, जलाधार क्षेत्र, पानीका श्रोतहरुको संरक्षणमा समुदायको सहभागीता बढाई जैविक विविधता संरक्षण गरिनेछ ।

९२.कोभिड १९ मा खटिने स्वास्थ्यकमी तथा कर्मचारीहरुलाई आवश्यकता अनुसारका व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध गराइनेछ ।

९३.कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, डिप्रेसनमा रहेका व्यक्ति तथा मनोपरामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई विकास साझेदारहरुसँगको समन्वयमा मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

९४. विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद व्यवस्थापन कोषको रकममा बृद्धि गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

९५. गाउँपालिका भित्रका भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक, संस्थागत, लैङ्गिक लगायतका विषयक्षेत्रका खण्डीकृत तथ्याङ्क एकिकृत गरी सुचना तथा अभिलेख राखिनुका साथै वार्षिक रुपमा गाउँपालिकाको वस्तुगत विवरण अध्यावधिक गरिनेछ ।

९६.गाउँपालिकाको आन्तरिक आय वृद्धि गरी स्थानीय तहलाई संविधानले प्रदत्त गरेको स्वायतत्ता कायम गर्ने र खर्च गर्ने अवस्था सिर्जना गर्ने वडास्तरमा राजस्व सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरी आन्तरिक आय वृद्धि गर्न करदाताहरुलाई उत्प्रेरित गरिनेछ ।

९७. सार्वजनिक खरिद प्रणालीलाई पारदर्शि बनाई अपेक्षित विकास नीतिलाई सारभूत रुपमा प्रभावकारी बनाउन कर्मचारी तथा सम्बद्ध पक्षलाई विद्युतिय खरिद प्रणाली र भौगोलिक सूचना प्रणाली (GIS) सम्बन्धी क्षमता विकास तालिम संचालन गरिनेछ ।

९८. चुमनुव्री गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरु थप व्यवस्थित बनाउनका लागि वडा नं. ३ फिलिम र वडा नं. ४ प्रोकमा आधुनिक सुविधासम्पन्न प्रशासकीय भवन निर्माण गरिनेछ ।

९९. हालसम्म भएका योजना तथा कार्यक्रमहरुको प्रगति, लागत लगायतका विषयमा थप प्रभावकारीता ल्याउन आगामी आर्थिक वर्षदेखि गाउँपालिकाबाट संचलान गरिने योजनाहरु मध्ये १० लाख वा सो भन्दा माथिका सम्पूर्ण योजना र प्राविधिक विशेषज्ञता आवश्यक पर्ने सबै योजनाहरु ठेक्का प्रणालीबाट संचालन गरिनेछ ।

१००. गाउँपालिकाभित्र रहेका सम्पूर्ण वडा कार्यालयहरु, गाउँपालिकाका स्वास्थ्य संस्थाहरु र शिक्षण संस्थाहरुमा आवश्यकता र औचित्यताका आधारमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

१०१. भौगोलिक रुपमा विकट रहेको यस चुमनुव्री गाउँपालिकाको कामको शिलशिलामा कर्मचारी तथा पदाधिकारीहरु घाइते भएमा उहाँहरुको आपतकालिन राहात,उद्दार र पुन:स्थापनाको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१०२. **दिगो विकास, अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री** को परिकल्पना सहित तयार भएको चुमनुव्री गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्नका लागि सोही अनुरुप वार्षिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

१०३. न्यायिक समितीको भुमिकालाई प्रभावकारी बनाउनका लागि आवश्यक क्षमता अभिबृद्धि गर्नुका साथै समुदायमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१०४. सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शि एवं प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार मौजुदा ऐन, नियम, कानुन र कार्यविधिहरुलाई परिमार्जन गर्दै नयाँ ऐन, नियम, कानुन र कार्यविधिहरुको तर्जुमा गर्दै लगिनेछ ।

१०५. कर्मचारीहरुको कार्य सम्पादन मुल्याकंन पद्धतीलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेहि हुन उत्प्रेरित गरिनेछ । उच्च कार्य सम्पादन सहित उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कार सहित सम्मान गरिनेछ ।

१०६. आन्तरिक लेखापरीक्षण प्रणालीलाई सुदृढीकरण गर्दै बेरुजुको दरलाई घटाउदै लगिनेछ । बेरुजुको विवरण सहितको वार्षिक लेखा परिक्षण प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुत गरिनेछ ।

१०७. गाउँपालिकालाई आवश्यक पर्ने प्राविधिक जनशक्ति करार सेवामा भर्ना गरी सेवा करार लिने पद्धतीलाई अवलम्वन गरिनेछ ।

१०८.गुनासो सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरिक अभिमत सर्भेक्षण, सेवाको सन्तुष्टि सर्भेक्षण जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१०९. गाउँपालिकाको वस्तुगत विवरण, प्रथम आवधिक योजना, ऐन, कानुन, सभाका निर्णयहरु, कार्यक्रम, योजना तथा बजेट, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, स्थानीय राजपत्र, लेखा परिक्षण प्रतिवेदन र आयोजना तथा परियोजनाको विवरण वेवसाईडमा नियमित रुपमा अध्यावधिक गरिनेछ ।

११०. चुमनुव्री गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सिप, अनुभव पुस्तान्तरण गर्न र उहाँहरुलाई परिवारबाट गरिने व्यवहारमा थप सम्मान माया ममता अभिवृद्धि गर्ने हेतुले अध्यक्ष ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

१११. जनप्रतिनिधि तथा कर्मचारीहरुको सिकाई क्षमता अभिबृद्धिका लागि अन्तर स्थानीय तह अध्ययन भ्रमणको व्यवस्था गरी सेवा प्रवाहमा थप सुधार गर्न पहल गरिनेछ ।

११२. गाउँपालिकाभित्र कार्यरत सम्पुर्ण गैर सरकारी संस्थाहरुको सुचीकरण गरी गैरसरकारी संघ संस्थाहरुबाट संचालन गरीने कार्यक्रमहरुलाई गाउँपालिकाको स्वीकृति एवं समन्वयमा कार्यान्वयन गर्ने र वर्षमा कम्तीमा २ पटक गाउँपालिका समक्ष प्रगति समिक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

११३. गाउँपालिका भित्र रहेका युवा क्लव, आमा समुह, कृषक समुह, महिला संजाल तथा बाल संजाल, जेष्ठनागरिक संजाल र स्थानीय सामुदायिक संस्थाहरुको दर्ता गर्ने अभिलेख राख्ने तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

११४. सार्वजनिक सेवा प्रवाहमा थप चुस्तदुरुस्त कायम राख्नका लागि गाउँपालिकाका सम्पूर्ण वाड कार्यालयहरुलाई संचालन खर्च (संचार,मसलन्द समेत) को व्यवस्था गरिनेछ ।

११५. यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय,राजनीतिक दलहरु,संघ संस्थाहरु,निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु । अन्त्यमा, गाउंपालिकाको समग्र विकासमा योगदान पुर्याउने राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी

सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरीक समाज, सामाजिक अभियन्ता, युवा क्लव, आमा समूह, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

धन बहादुर गुरुङ

**अध्यक्ष**